"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार, समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३
चलानी नं. :- / सूचना नं. ३४

मितिः २०८३।०३।३२

**घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता प्राप्तिका लागि निवेदन दिने सम्बन्धी सूचना**

कर्णाली प्रदेश सरकारबाट "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०८१" मा व्यवस्था भए बमोजिम सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनमा घाइते अपाङ्गता भई कर्णाली प्रदेशमा स्थायी बसोबास भएको व्यक्तिलाई जीवन निर्वाह भत्ता उपलब्ध गराउने प्रयोजनका लागि कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा तपशिलका उल्लेखित कागजात संलग्न राखी मिति २०८३।०४।१५ गते भित्र यस कार्यालयको महिला, बालबालिका तथा समाज कल्याण उपशाखामा पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटः समयमा निवेदन पेश हुन नआई विवरण छुट हुन गएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराईन्छ ।**

संलग्न गर्नुपर्ने कागजातहरुः

१ द्वन्द्व पिडित घाइते अपांगता भएको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२ नेपाल सरकारबाट जारी भएको घाइते अपांगता परिचयपत्रको प्रतिलिपि वा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफरिस वा सत्यनिरुपण तथा आयोगले जारी गरेको पिडित परिचय पत्रको प्रतिलिपी,

३ स्थानीय तहले जारी गरेको अपांगता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफरिस,

४ प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपांगता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा विवरण खुल्ने प्रमाणित कागजात वा सिफरिस

५ निवेदकको चेकको प्रतिलिपी ।

2083/03/32

कविराज न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार, समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३
चलानी नं. :- / सूचना नं. ३४

मितिः २०८३।०३।३२

**सहिद स्मृति भत्ता प्राप्तिका लागि निवेदन दिने सम्बन्धी सूचना**

कर्णाली प्रदेश सरकारबाट "सहिद स्मृति भत्ता वितरण कार्यविधि २०८१" मा व्यवस्था भए बमोजिम सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद वा बेपत्ता पारिएका परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण गर्ने प्रयोजनका लागि कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा तपशिलका उल्लेखित कागजात संलग्न राखी मिति २०८३।०४।१५ गते भित्र यस कार्यालयको महिला, बालबालिका तथा समाज कल्याण उपशाखामा पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः समयमा निवेदन पेश हुन नआई विवरण छुट हुन गएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराईन्छ।**

संलग्न गर्नुपर्ने कागजातहरुः

१ हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२ हकवालाको मृतकसँग नाता खुल्ने प्रमाणित कागजात,

३ सहिद वा बेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफरिस वा नेपाल राजपत्रमा प्रकाशित भएको सहिद बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा बेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपी,

४ हकवालाको बैंक खाता खुल्ने खाता नम्बर खुल्ने कागजात।

२०८३/०३/३२

कविराज न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत